मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

२५ Purwanchal National Daily

नेरेसो केन्द्रीय सदस्यमा
ढकाल : पृष्ठ ३

◆ वर्ष : २५ ◆ अङ्क : २४२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन १५ गते बिहीवार (Thursday, July 30. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

करेन्ट लाग्दा र बगाएर तीन जनाको मृत्यु, एक बेपत्ता

झापा, साउन १४। झापामा करेन्ट लागेर एक व्यक्तिको मृत्यु भएको छ भने खोलाले बगाउँदा एक व्यक्ति बेपत्ता भएका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाका अनुसार करेन्ट लागेर बुधवार बिर्तामोड नगरपालिका-७ खालवारीका ५० वर्षीय शम्शेर तामाङको मृत्यु भएको हो ।

निर्माणाधीन घरमा मोटरबाट पानी लगाउने क्रममा बुधवार दिउँसो तामाङलाई करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर घाइते भएका तामाङलाई उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल पुऱ्याइए पनि उनको उपचारकै क्रममा अपरान्ह मृत्यु भएको प्रहरी उपरीक्षक कोइरालाले जानकारी दिए ।

उता मोरङको बिराटनगर महानगरपालिका-११का ३६ वर्षीय गोपाल कामतको पनि करेन्ट लागेर मृत्यु भएको छ ।

बूढीगंगा गाउँपालिका-३ बाँसबारी चोकमा रहेको मिठाई पसल अगाडि टेन्ट लगाउने क्रममा अचानक हाईटेन्सन लाईनमा छुन गई करेन्ट लाग्दा घाइते भएका कामतलाई बिराट मेडिकल कलेज गंगा चोक पठाइएकोमा उपचारको क्रममा साँढे १० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

यता कनकाई नगरपालिका-४का कमल मुखियालाई कनकाई नदीले बगाएर बेपत्ता बनाएको छ । उनलाई बुधवार दिउँसो कनकाई नदीले बगाएर बेपत्ता बनाएको हो । उनको खोजीकार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

उता उदयपुरको बेलका नगरपालिका-३ भोटेपुल नजिक कल्भर्टमा आएको बाढीले बगाएर बेपत्ता भएका धरान उपमहानगरपालिका-५का ३५ वर्षीय कर्णबहादुर राई मृत फेला परेका छन् ।

साउन १२ गते धरानबाट सब्जी खेती लगाउन बेलका नगरपालिका-३ सिसौली टप्पु गएका राई श्रावण १३ गते राति ८ बजे प्रदेश १-०२-००२ च ४००५ नम्बरको गाडीमा घर फर्कदै गर्दा उक्त कल्भर्टमा बाढी आएको देखी चालकलाई गाडी रोक्न लगाई गाडीबाट ओर्लेर बाटो नियाल्ने क्रममा उनलाई अचानक बाढीले बगाएको थियो । राई बेपत्ता भएको खबर प्राप्त भएसँगै इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा बुधवार बिहान ९ बजे बगाएको स्थानभन्दा करिब पाँच सय मिटर दक्षिण मृत अवस्थामा फेला पारेको तथा घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

बंगलादेशसँगको व्यापार घाटा ३ अर्ब ९९ करोड

लक्ष्मी उप्रेती

काँकरभिट्टा, साउन १४। नेपालले आर्थिक वर्ष २०७६/०७७मा पूर्वी नाकाबाट हुने बंगलादेशसँगको व्यापार घाटा तीन अर्ब ९९ करोड ९३ लाख रुपैयाँ पुगेको छ ।

बंगलादेश मात्रै यस्तो मुलुक थियो, जुन देशसंगको व्यापार वर्षेनि नेपालको पक्षमा हुन्थ्यो । अघिल्लो आर्थिक वर्ष २०७५/०७६मा समेत व्यापार बंगलादेशकै पक्षमा थियो । त्यो वर्ष नेपालले २ अर्ब ४१ करोड ४३ लाख ५८ हजार रुपैयाँ घाटा सहनु परेको मेची भन्सार कार्यालय काँकरभिट्टाले जनाएको छ । प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्माका अनुसार आर्थिक वर्ष २०७६/०७७मा नेपालबाट ९५ करोड ४१ लाख ७५ हजार रुपैयाँका मालवस्तु निर्यात हुँदा बंगलादेशबाट ४ अर्ब ९५ करोड ३४ लाख ८६ हजार रुपैयाँका मालवस्तु नेपालतर्फ आयात भएका थिए ।

अघिल्लो आर्थिक वर्ष २०७५/०७६मा नेपालबाट १ अर्ब ३२ करोड ६१ लाख ४१ हजार रुपैयाँका मालवस्तु पूर्वीनाका भएर बंगलादेश पठाएको थियो । बंगलदेशबाट ३ अर्ब ७४ करोड ४ लाख ९९ हजार रुपैयाँका मालवस्तु आयात भएको प्रमुख भन्सार अधिकृत विश्वकर्माले जानकारी दिए । आयातभन्दा निर्यात कम भएका कारण त्यो वर्ष नेपालले पूर्वीनाकाबाट बंगलादेशसँग हुने व्यापारमा २ अर्ब ४१ करोड ४३ लाख ५८ हजार रुपैयाँ घाटा व्यहोर्नुपरेको उनको भनाइ छ ।

नेपालबाट विशेषगरी बंगलादेशमा ड्युटी फ्री मालवस्तुमात्र निर्यात हुने गरेका छन् । यसकारण पनि आयातको तुलनामा निर्यात कम हुँदा नेपालले व्यापार घाटा सहनुपरेको भन्सार अधिकारीहरुको भनाइ छ । पूर्वी नाकाबाट हुने कूल व्यापारको १५देखि २० प्रतिशत व्यापार बंगलादेशसँग हुने गरेको छ । मकै, जुट, व्याट्री मुख्यगरी नेपाल आयात हुने गरेको छ ।

त्यसपछि औषधि, गार्मेन्ट, आलु, बिरामीका लागि प्रयोग हुने प्लाष्टिक कुर्सीसमेत बंगलादेशले निर्यात गर्ने गरेको प्रमुख भन्सार अधिकृत विश्वकर्माले बताए । नेपालबाट मुसुरो दाल, फ्रुटी, हरियो तरकारी, जडीबुटीमा चिराइतो निर्यात हुने गरेको छ । 'आयातभन्दा निर्यात कम भएपछि स्वत: व्यापारघाटा त हुने नै भयो'- प्रमुख भन्सार अधिकृत विश्वकर्माले भने- 'शुरु-शुरुमा जसरी नेपालका कृषि तथा कृषिजन्य वस्तु निर्यात हुन्थे पछिल्लो समय सबै कम मात्रामा निर्यात हुने गरेको छ । बंगलादेशमा 'ड्युटी फ्री'भएका मालवस्तुमात्र निर्यात हुने गरेका छन् । नेपालमा भन्दा बंगलादेशमा भ्याट बढी भएका कारण पनि नेपालमा उत्पादन भएका मालवस्तुले प्रतिस्पर्धा गर्न नसक्दा यो समस्या आएको हो ।' बंगलादेशको राजधानी ढाकामा भएको नेपाल-बंगलादेश वाणिज्य सचिव स्तरीय वैठकले नेपालका कृषिजन्य उत्पादनसहित १ सय ८ वटा वस्तुलाई 'ड्युटी फ्री' सुविधा दिने निर्णय गरेको थियो । तर, त्यो कार्यान्वयनको तहसम्म नपुगेको नेपाली अधिकारीहरुको भनाइ छ । बंगलादेशले नेपालका १ सय ८ वस्तुलाई भन्सारसहित सुविधा दिने र नेपालले पनि माछा, आलु चिप्स, रेफ्रीजिरेटर, वेट्री, गार्मेन्ट, प्लाष्टिकजन्य वस्तु, सिमेन्ट, टोवाको, टमाटरको सस र विस्कुटलगायत ५० वस्तुमा 'ड्युटी फ्री' बताउँदै वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव जीवराज कोइराला तथा बंगलादेशका वाणिज्य मन्त्रालयका अतिरिक्त सचिव मनोजकुमार रायले यो सुविधाका लागि सम्झौतामा हस्ताक्षर गरे पनि कार्यान्वयन नभएको बताए ।

नेपालमा १३ प्रतिशत भ्याट हुँदा बंगलादेशमा १५ प्रतिशत रहेको छ । बंगलादेशमा अत्यन्तै माग भएको मुसुरो दालको उत्पादन नेपालमै कम भएका कारण पनि निर्यात आरोलो लागेको भन्सार अधिकारीहरुको भनाइ छ । भन्सार अधिकारीहरुका अनुसार बंगलादेशसंगको व्यापारको आधाभन्दा वढी हिस्सा मुसुरो दालले ओगट्छ । खासमा मुसुरोका कारणले मात्रै नेपाल-बंगलादेश व्यापार चलेको छ । जडीवुटीको निर्यात नै कम हुन थालेको छ यसले पनि व्यापारघाटा कम भएको अनुमान नेपाली अधिकारीहरुको छ । बंगलादेश निर्यात हुने नेपाली सामानको संख्या ज्यादै न्यून छ । पुगनपुग आधा दर्जन आइटम मात्रै निर्यात हुने व्यवसायीहरुको भनाइ छ । निर्यात गर्ने वस्तुहरु नथप्ने हो र निर्यात प्रवर्द्धनमा जोड नदिने हो भने वर्षेनि घाटा व्यहोर्नु पर्ने वाध्यता सिर्जना हुने र आगामी दिनमा बंगलादेशसंगको व्यापार अझ खस्कने निश्चित रहेको व्यवसायीहरुको भनाइ छ ।

नेपाल र वंगलादेशवीचको औपचारिक व्यापार शुरु भएको दुईदशक वढी भएको छ । २०५४ भदौ १४ देखि नेपालले वंगलादेशसंग औपचारिक व्यापार थालेको हो । काँकरभिट्टा-फूलवारी-वंगलावन्द मार्ग सञ्चालन भएको १९ वर्षमा २७ अर्ब ८४ करोड ६४लाख २० हजार वढी मूल्यको सामान निर्यात गर्‌यो । १४ अर्ब ८४ करोड ३२ लाख ९१ हजार मूल्यको सामान वंगलादेशवाट आयात भएको देखिन्छ ।

मास्क नलगाए एक सय जरिवाना

झापा, साउन १४। मास्क नलगाउनेलाई एक सय रुपैयाँ जरिवाना गरिने भएको छ ।

कोभिड-१९ संक्रमण व्यवस्थापन समिति झापाको बुधवार बसेको बैठकले विहीवारदेखि लागू हुने गरी सो निर्णय गरेको हो । जिल्ला प्रशासन कार्यालय झापाका सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार राईका अनुसार मास्क नलगाई एक स्थानबाट अर्को स्थानसम्म हिँड्डुल गर्ने, मास्क नलगाई भेलामा जम्मा हुने व्यक्तिहरुलाई संक्रामक रोग ऐन २०२०को दफा-३ बमोजिम एक सय रुपैयाँ जरिवाना गर्ने निर्णय भएको छ ।

जरिवाना रकम राजश्वमा दाखिला गरिने भएको छ । मास्क लगाए- नलगाएको हेर्न अनुगमनमा खटिने प्रहरीले जरिवाना असुली रसिद दिने बताइएको छ । त्यसको कार्यान्वयनका लागि प्रचारप्रसार र माइकिङ गरिने बताउँदै उनले त्यसपछि टीम बनाएर प्रहरी परिचालन गरिने जानकारी दिएका छन् ।

एन्फाटामाईनसहित एक जना पक्राउ

मोरङ, साउन १४। मोरङको बिराटनगर महानगरपालिका-२ बरगाछी चोकबाट नियन्त्रित लागूऔषध एन्फाटामाईन (आईस)सहित एक जना पक्राउ परेका छन् ।

बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङ र लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले को ३७प ८३१६ नम्बरको मोटरसाइकलमा सवार सुन्दरहरैंचा नगरपालिका-८ का ४२ वर्षीय रामप्रसाद राईलाई २२२ ग्राम.१५० मिलिग्राम लागूऔषधसहित पक्राउ गरेको हो ।

लागूऔषधसहित पक्राउ परेका उनका सम्बन्धमा थप अनुसन्धान गर्ने क्रममा निजको घरमा समेत रहेको भन्ने

(बाँकी अन्तिम पृष्ठमा)

झापाका ३०४ जनाले कोरोना जीते

बिर्तामोड, साउन १४। झापामा कोरोना संक्रमतिमध्ये ३ सय ४ जना उपचारपछि निको भएर घर फर्किएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार १२ हजार ८ सय ९ जनामा कोरोना परीक्षण गर्दा तीन सय ५१ जनालाई कोरोना संक्रमण देखिएको थियो । संक्रमितमध्ये ३ सय ४ जना उपचारपछि घर फर्किएका हुन् भने ४७ जना अझै उपचाररत् छन् ।

१५ वटा स्थानीय तह रहेको झापामा पहिलोपटक मेचीनगरपालिकाको काँकरभिट्टास्थित सीमा क्षेत्रमा सुरक्षाका लागि खटिएका २० जना सशस्त्र प्रहरीलाई कोरोना संक्रमण पुष्टि भएको थियो । त्यस्तै बाह्रदशी गाउँपालिका २ र ३ मा गाउँपालिकाको 'ट्राभल हिस्ट्री' नभएका एक औषधि व्यवसायी र एक स्थानीय नेतालाई कोरोना संक्रमण पुष्टि भएको थियो ।

पछिल्लो समय झापामा कोरोना संक्रमणको अवस्था बढ्दै गए पनि उपचारपछि निको भएर घर फर्कनेको संख्या धेरै छ । तर, कोरोना संक्रमण समुदायमा फैलिएको भन्दै सर्वसाधारण त्रसित हुन थालेका छन् । झापामा कोरोना संक्रमितमध्ये अधिकांश भारत लगायतका विभिन्न देशबाट आएका नागरिकहरु छन् ।

भारतको पश्चिम बंगालसंग सीमा जोडिएको पूर्वी नाका काँकरभिट्टासहित विहारसंग सीमा जोडिएको भद्रपुर, कुमरखोद, गौरीगञ्ज लगायतका स्थानबाट विदेशमा रहेका नेपालीहरु घर फर्कने क्रम तीव्र भएसंगै झापामा कोरोना संक्रमितको संख्या बढेको हो ।

झापासहित मोरङ, सुनसरी र इलाम कोरोना संक्रमणका दृष्टिले सबैभन्दा धेरै जोखिममा छन् । अर्थात् यी जिल्लालाई सरकारले उच्च जोखिम क्षेत्र मानेको छ । जिल्ला मात्र नभएर त्यसभित्रका २० स्थानीय तह संक्रमणको जोखिममा छन् । प्रदेश १का मुख्यमन्त्री शेरधन राईले उच्च जोखिम, जोखिम र कम जोखिम क्षेत्रलाई रेड, एल्लो र ग्रिनजोनका रूपमा वर्गीकरण गरी सरकारले स्वास्थ्य तथा अन्य गतिविधि सञ्चालन गर्ने प्रदेश संसदलाई जानकारी गराइसकेका छन् ।

सामाजिक विकास मन्त्रालयले गरेको अध्ययनले प्रदेश १को राजधानी विराटनगर कोभिड-१९ संक्रमणको जोखिममा रहेको देखिएको छ । यहाँ मंगलबारसम्म संक्रमितको संख्या ८२ थियो । पछिल्लोपटक पुष्टि भएका धेरै संक्रमितको 'ट्राभल हिस्ट्री' छैन । उनीहरूको संक्रमण स्रोत पनि पहिचान हुन सकेको छैन । दुई चिकित्सकसहित स्वास्थ्यकर्मीमा संक्रमण देखिएपछि विराटनगरमा समुदायमा कोरोना गएको निष्कर्ष महानगरको जनस्वास्थ्य महाशाखाको छ ।

मोरङको पुरानो सदरमुकाम रंगेली नगरपालिका, सुनवर्षी र रतुवामाई नगरपालिका, जहदा र धनपालथान गाउँपालिका पनि जोखिमयुक्त क्षेत्रमा परेका छन् । सुनसरीको कोशी, भोक्राहा, नर्सिङ, हरिनगर, कप्तानगञ्ज र बर्जू गाउँपालिका, झापाको मेचीनगर नगरपालिका, भद्रपुर नगरपालिका, कचनकवल गाउँपालिका, झापा गाउँपालिका र गौरीगञ्ज गाउँपालिका कोरोना संक्रमणको उच्च जोखिममा छन् । यसैगरी इलामको सूर्योदय नगरपालिका, माई-जोगमाई, सन्दकपुर र रोङ गाउँपालिकालाई पनि सरकारले जोखिमयुक्त क्षेत्र मानेको छ ।

प्रदेश २ को सप्तरी तथा सिरहासँग सीमा जोडिएको र प्रदेश १मा कोरोना शुरु भएको उदयपुर कोरोनाको जोखिममा छ । वरिष्ठ जनस्वास्थ्य विज्ञ तथा सामाजिक विकास मन्त्रालयका प्रवक्ता डा. सुरेश मेहता भन्छन्- भारतमा फैलँदो कोरोना र हाम्रो भौगोलिक अवस्थिति अनुसार साँध-सीमाना जोडिएका क्षेत्र अधिक जोखिममा देखिन्छ । उनले अहिले नै अधिक रूपमा कोरोना संक्रमित भेटिएका झापा, मोरङ, सुनसरी र उदयपुरमा खतरा बढ्दो अवस्थामा रहेको बताए ।

सरकारको तथ्यांक अनुसार प्रदेश १मा भारतका विभिन्न नाका भएर आएकाहरूमा अधिक संक्रमण देखिएको छ । यो दर कूल संक्रमित संख्याको ६८ प्रतिशत छ । भारतबाहेक खाडीसहितका अन्य मुलुकबाट आउनेको कूल दर १८ प्रतिशत छ । यतै संक्रमण देखिएकाहरू जम्मा १४ प्रतिशत छन् । प्रदेश १मा हालसम्म लक्षण नै नभएका संक्रमितकै संख्या धेरै देखिएको छ । कूल ९६६ संक्रमितमध्ये १३ प्रतिशतमा मात्र लक्षण थियो ।

सरकारले अब परीक्षणको दायरा बढाउने र समुदाय परीक्षणलाई जोड दिने तयारी थालेको छ । विराटनगर,

(बाँकी अन्तिम पृष्ठमा)

३८२ सुरक्षाकर्मीमा संक्रमण

झापा, साउन १४। मुलुकमा बन्दाबन्दी अन्त्य भए पनि कोभिड-१९को जोखिम कायमै छ । आर्थिक गतिविधि चलायमान भएसँगै मानिसको चहलपहल बढ्दा सङ्क्रमणको जोखिम बढेर गएको हो ।

यो अवस्थामा भौतिक दूरी कायम गर्ने, मास्क र स्यानेटाइजरको प्रयोग गर्ने, पटक-पटक साबुनपानीले हात धुने र भीडभाडमा नजाने गर्दा सङ्क्रमणबाट जोगिन सकिन्छ । भीडभाड बढ्दा मानिसले चाहेर पनि भौतिक दूरी कायम गर्न नसक्ने हुँदा अब अझै सावधानी जरुरी रहेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले बताए ।

आमनागरिकसँगै सुरक्षाकर्मीमा देखिएको पछिल्लो सङ्क्रमणले समेत जोखिम बढेको महसुस गर्न सकिन्छ । नेपाल प्रहरीको मुख्यालय प्रहरी प्रधान कार्यालयमा साउन ११ गते चार जनामा कोभिड-१९ देखियो । त्यसपछि कन्ट्रयाक्ट ट्रेसिङ गर्दा मंगलबारको परीक्षणमा थप ३१ जनामा कोभिड-१९ पुष्टि भयो ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक नीरजबहादुर शाही पछिल्लो चरणमा प्रहरीमा कोभिड-१९ सङ्क्रमण बढेको बताउँछन् । पहिले पनि सुरक्षा मापदण्ड बनाएर काम गरिएको थियो, हेडक्वाटरमै सङ्क्रमण देखिएपछि अझै थप सावधानीका साथ खटिन निर्देशन दिएका छौं- शाहीले भने । मंगलबार सशस्त्र प्रहरीमा पनि एकजनामा कोभिड-१९ देखिएको छ । प्रहरीमा अहिलेसम्म २०६ जनामा सङ्क्रमण भइसकेको छ ।

अहिलेसम्मको प्राप्त विवरण अनुसार चार सुरक्षा

(बाँकी अन्तिम पृष्ठमा)

चौध लाख नगदसहित चार जुवाडे पक्राउ

सोलुखुम्बु, साउन १४। जिल्लाको सोताङबाट रु. १४ लाखभन्दा बढी नगदसहित चार जुवाडेलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका अनुसार इलाका प्रहरी कार्यालय सोताङका प्रहरी निरीक्षक अनिल लिम्बूको नेतृत्वमा खटिएको टोलीले जुवा खेलिरहेको अवस्था उनीहरुलाई पक्राउ गरेको हो ।

सोताङ गाउँपालिका-५ शिवटार बजार नजिकैको पसलघरमा जुवा खेलिरहेको अवस्थामा रु. १४ लाख ६५ हजार नगदसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रमुख टेकुनन्द इवा लिम्बूले जानकारी दिए । पक्राउ पर्नेमा सोताङ गाउँपालिका-२ का दुर्गाप्रसाद राई, वडा नं. ४ का दुर्गाप्रसाद राई, थुलुङ दूधकोशी गाउँपालिका-७ देउसाका दीपक किराती र फ्रेमराज खत्री रहेको प्रहरीको भनाइ छ ।

उनीहरुको साथबाट कृषि विकास बैंकको रु. २९ लाखको चेक समेत बरामद गरिएको प्रहरीले जनाएको छ । यति ठूलो परिमाणमा जुवा खालबाटै पक्राउ परेको यो जिल्लाकै पहिलो घटना हो ।

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

बैंकको नाम: राष्ट्रिय बाणिज्य बैंक
शाखा: सिंहदरबार परिसर
खाताको नाम: कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
खाता नं. १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

सहाराद्वारा कर्जा मिनाह

बिर्तामोड, साउन १४। सहारा नेपाल सहकारी संस्थाको राजगढ सेवा केन्द्रले आफ्ना शेयर सदस्यका परिवारको मृत्यु भएपछि पाँच लाख रुपैयाँ कर्जा मिनाह गरेको छ ।

बाह्रदशी गाउँपालिका- ५ स्थित नरमाया सत्यालका श्रीमान् विजयानाथ गौतमको मृत्युपछि सहकारीले पाँच लाख रुपैयाँ कर्जा मिनाह गरेको हो । बाह्रदशी गाउँपालिका - ५ का वडा अध्यक्ष भूपेन्द्र कटुवालको प्रमुख आतिथ्य र सेवा केन्द्र सञ्चालन उप समितिका संयोजक मोहन विक्रम ओलीको अध्यक्षतामा भएको कार्यक्रमकाबीच सहकारीका शेयर सदस्यको कर्जा मिनाह गरेको हो ।

कार्यक्रममा वडा नम्बर ५का वडा सदस्य जीवन खरेल, समाजसेवी रवीन कार्की, हेमलाल पोखरेल, लगायतको आतिथ्य रहेको थियो ।

सोही कार्यक्रमकाबीच अर्का सदस्य दुर्गादेवी ओस्तीका श्रीमान इन्द्रप्रसाद ओस्तीको निधन भएपछि बिमा वापतको रकम आठ हजार सात सय रुपैयाँ प्रदान गरिएको सहकारीका राजगढ सेवा केन्द्र प्रमुख एकदेव कट्टेलले जानकारी दिए । कार्यक्रमको सञ्चालन सहकारीका शेयर सदस्य शिव पोखरेलले गरेका थिए ।

सात कम्पनीले पाए विक्री-वितरणको इजाजत

झापा, साउन १४। वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले वस्तुको प्रत्यक्ष बिक्री तथा वितरणका लागि सात कम्पनीलाई इजाजत दिएको छ । विभागमा आएका निवेदनलाई आधार मानेर गत असार १६ गतेदेखि असार मसान्तसम्म सात कम्पनीलाई इजाजत दिइएको विभागले जनाएको छ ।

विभागका महानिर्देशक नेत्रप्रसाद सुवेदी वस्तुको प्रत्यक्ष बिक्री तथा वितरण सम्बन्धी ऐन, २०७४ तथा कार्यविधि, २०७६ लाई आधार बनाएर इजाजत दिइएको बताउँछन् । उनका अनुसार विभागले सार्वजनिक गरेको सूचना अनुसार आएका निवेदनलाई आधार बनाएर इजाजत दिइएको हो । उनले असार मसान्तसम्म सात कम्पनीलाई इजाजत दिइएको र अन्य छ कम्पनी इजाजतको प्रक्रियामा रहेको जानकारी दिए ।

'अन्तर्राष्ट्रिय स्तरमा सन् १८८३ देखि प्रचलनमा रहेको वस्तुको प्रत्यक्ष बिक्री प्रणालीको अवधारणा नेपालको सन्दर्भमा नयाँ व्यापारिक अभ्यास भएकाले काम गर्दै जाँदा केही अप्ठ्यारो महशुस भयो' -उनले भने- 'ऐन तथा कार्यविधिलाई आधार बनाएर हामीले सात कम्पनीलाई इजाजत दिएका छौं भने अन्य प्रक्रियाका रूपमा रहेका छन् ।' उनका अनुसार ऐनमा उल्लेख भए अनुसार निवेदन दिइएको तीन महिनाभित्र इजाजत दिनुपर्छ । विभागमा आएका कागजपत्र माथि छलफल हुँदैछ ।

वस्तुको उत्पादकदेखि उपभोक्तासम्म इजाजत प्राप्त कम्पनी र बिक्रेता तथा वितरक मात्रको बढीमा दुई तह हुनु यस प्रणालीको राम्रो गुण हो । कमिसन बाँडफाँट र वस्तुको विज्ञापन खर्चमा हुने लागत घटाएर त्यसको लाभ उपभोक्ताले प्राप्त गर्ने व्यापार प्रणालीको अर्को राम्रो गुण भएको विज्ञ डिमप्रसाद पौडेल बताउँछन् ।

गत असार २५ गते उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले विभागका विज्ञका रूपमा पौडेललाई दुई वर्षका लागि नियुक्ति गरेका थिए । चार्टर्ड एकाउन्टेन्ट पौडेलले विगतमा जे-जस्ता गतिविधि भए पनि नयाँ ल्याइएको ऐनमा भएका व्यवस्था अनुसार वस्तुको प्रत्यक्ष बिक्री तथा वितरण गर्नका लागि इजाजत दिइएको बताए । 'पहिला जे-जस्ता नराम्रा गतिविधि भए पनि अब त्यस्तो हुँदैन, ऐनमा व्यवस्था भए अनुसार इजाजत दिइएको हो' -उनले भने- 'यदि कसैले गल्ती गर्छ भने कारवाही गर्नेदेखि इजाजत रद्द गर्नेसम्मको अधिकार प्रयोग गरी कारवाही गर्छौं ।'

त्यसैगरी विभागको तथ्याङ्क अुनसार असार मसान्तसम्म आइबोस ग्लोबल इन्टरनेशनल, नेचर हर्बस् इन्टरनेशनल, न्यू विवेक इन्टरप्राइजेज, हेल्दी लिभिङ नेपालले इजाजत लिएका छन् । त्यस्तै केयर मार्टस इन्टरनेशनल, काठमाडौं युटर्न इन्टरनेशनल र ग्लोबल ओरियन्स नेपाललाई कानून बमोजिम वस्तुको प्रत्यक्ष बिक्री गर्ने व्यवसाय गर्न इजाजत प्रदान गरिएको हो ।

कुलोमा मृत फेला

फिदिम, साउन १४। फिदिमका एक व्यक्ति सिञ्चाइ कुलोमा मृत फेला परेका छन् । फिदिम नगरपालिका-४ जोरसालका ५१ वर्षीय जगन्नाथ सुवेदी वडा नं. २स्थित थाङसाङ खोलाबाट आफ्नो गाउँतर्फ लगिएको कुलोको पानीमा डुबेको अवस्थामा मृत फेला परेका हुन् ।

सुवेदीलाई बुधवार बिहान करिब ७:३० बजे स्थानीयवासीले मृतावस्थामा फेला पारेपछि प्रहरीमा खबर गरेका थिए । घटनाको प्रारम्भिक अनुसन्धानपछि शव परीक्षण गरी आफन्तलाई जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

एन्फाटामाईनसहित ...

प्रारम्भिक अनुसन्धानबाट खुलेसँगै नियमानुसार खानतलासी गर्दा थप ३०८ ग्राम ७८ मिलिग्राम एन्फाटामाईन (आईस) बरामद भएको थियो । यसरी कूल ५३० ग्राम ९३ मिलिग्राम निर्यान्त्रित लागूऔषध एन्फाटामाईन (आईस) सहित पकाउ परेका पोखरेलको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

३८१ सुरक्षाकर्मीमा ...

निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग)का कूल ३८२ जनामा सङ्क्रमण देखिइसकेको छ । अझै पनि १४१ जना उपचाररत रहेका छन् तर जटिल खालका बिरामी भने नभएको जनाइएको छ । हालसम्म नेपालमा १९ हजारमा कोभिड-१९ देखिएकामा झण्डै १४ हजार निको भएर घर फर्किसकेका छन् । पाँच हजार उपचारमा छन् । कोरोनाका कारण ४९ जनाको निधन भएको छ ।

पहिले कोभिड-१९ को सङ्क्रमण फैलिन नदिन सरकारले जारी गरेको बन्दाबन्दीको आदेश कार्यान्वयन गर्न सुरक्षाकर्मी अग्रपंक्तिमा थिए । साउन ६ गतेदेखि लकडाउन अन्त्य भएसँगै मानिसको चहलपहल बढ्दा र व्यवसाय सञ्चालन हुँदा पनि अग्रपंक्तिमा खटिने सुरक्षा निकाय नै हो । त्यसकारण सुरक्षाकर्मी थप जोखिम हुने स्वास्थ्य विज्ञको भनाइ छ । सुरक्षाकर्मीले उपलब्ध व्यक्तिगत स्वास्थ्य सुरक्षा अपनाउँदै कार्यस्थलमा काम गरिरहे पनि कतिपय सुरक्षाकर्मीलाई कोभिड-१९ को सङ्क्रमण भएको छ । आम समुदायसँग नियमित सम्पर्कमा पुग्ने सुरक्षाकर्मीमा सङ्क्रमण हुँदा नागरिकमा सर्ने सम्भावना बढी हुन्छ ।

मानिसको भीडभाड रोक्नुपर्ने अवस्थामा सुरक्षाकर्मीले चाहेर पनि भौतिक दूरी कायम गर्न सकेका हुँदैनन् । अझै पनि सुरक्षामा अपनाउनुपर्ने मापदण्ड पूर्णरुपमा प्रयोग गर्न सकेका छैनन् । सामान्य कपडाको मास्कमै कार्यस्थलमा खटिएका छन् । सङ्क्रमणको जोखिम हुन्छ भन्ने आँकलन गरेरै प्रहरीले उच्च मनोबलका साथ काममा खटिएको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेल बताउँछन् । जोखिम रोक्न नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले आवश्यक क्वारेन्टिनको व्यवस्थापन गरेका छन् । घर बिदाबाट आएकालाई क्वारेन्टिनमा राखेर स्वास्थ्य मापदण्ड अनुसार राखिन्छ ।

आजसम्मको प्राप्त विवरण अनुसार नेपाल प्रहरीका २०६ जनामा सङ्क्रमण देखिएको छ । अहिलेसम्म ९९ जना निको भएर घर फकिए पनि १०७ उपचाररत छन् । सीमा क्षेत्रको सुरक्षामा खटिएको सशस्त्र प्रहरीका ९२ जनामा कोभिड-१९ सङ्क्रमण भएको छ । उनीहरुमध्ये अझै २८ जना उपचाररत रहेका छन् । सीमा क्षेत्रमा प्रत्यक्षरुपमा मानिससँग सम्पर्कमा पुग्नुपर्ने भएकाले पनि सङ्क्रमण देखिएको सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक राजु अर्याल बताउँछन् ।

नेपाली सेनामा पनि सङ्क्रमण बढिरहेको छ । नेपाली सेनामा पहिलोपटक गत जेठ ३ गते सङ्क्रमण देखिएको थियो । त्यसयता अहिलेसम्म कूल ७९ जनामा सङ्क्रमण भइसकको छ । अहिलेसम्म ७२ जना उपचारपछि निको भएको र सात जनाको उपचार जारी रहेको नेपाली सेनाका सूचना अधिकारी सन्तोषबल्लभ पौडेल बताउँछन् । उनका अनुसार जनमानसमा सम्पर्कमा जानुपर्ने भएकाले पनि सुरक्षाकर्मीमा जोखिम कायमै छ तर पनि सेनाले कन्ट्रयाक ट्रेसिङ युनिटमार्फत नियन्त्रणको काम जारी राखेको छ । मुख्यगरी नेपाली सेनालाई भारतबाट आउने र तेस्रो मुलुकबाट आउने नेपालीलाई सुरक्षित रुपमा होल्डिङ सेन्टरमा ल्याएर सम्बन्धित क्षेत्रमा पठाउने जिम्मेवारी छ ।

त्यसपछि क्वारेन्टिन व्यवस्थापन र शव व्यवस्थापन सेनाको अर्को जिम्मेवारी हो । सरकारले तोकेको अन्य काममा पनि नेपाली सेना सक्रिय छ । नागरिकको सम्पर्कमा जाँदा आवश्यक सावधानी अपनाउँदा अपनाउँदै पनि केहीलाई सङ्क्रमण देखिएको र त्यो नियन्त्रणमै रहेको पौडेलले बताए । उता राष्ट्रिय अनुसन्धान विभागका चार जनामा कोभिड-१९ देखिएको जनाइएको छ ।

मुलुकको शान्ति सुरक्षा कायम गर्न, आपराधिक घटना रोक्न, अन्य घटना हुँदा आम नागरिकले पहिले सम्झने नेपाल प्रहरीलाई नै हो । सामान्य भीडभाड, झैं-झगडा, दुर्घटना, चोरी, झडप, मुलुकका महत्वपूर्ण निर्णय कार्यान्वयनमा नेपाल प्रहरी अग्रपंक्तिमा हुन्छ । त्यसैले अरु निकायमा भन्दा बढी प्रहरीमा सङ्क्रमण देखिएको छ । कोभिड-१९को नियत्रणका लागि नेपालभर ४४ हजार बढी प्रहरी खटिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । सुरक्षाको दोस्रो घेरामा सशस्त्र प्रहरी र त्यसपछि नेपाली सेनाले काम गरिरहेको छ ।

झापाका ...

धरानपछि अब मेची अस्पतालबाट समेत पीसीआर परीक्षण गर्ने सरकारले तयारी गरेको हो । दैनिक १३ सय परीक्षणको लक्ष्य राखिएको छ । हाल करिब दैनिक आठ सयको परीक्षण हुँदै आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता मेहताले भने- यस्तो परीक्षण हामीले विराटनगर र इनरुवाबाट शुरु गरिसकेका छौं । प्रदेश १ सरकारले जनसंख्याको एक प्रतिशतमा पीसीआर परीक्षण गर्ने यसअघि नै जनाउ दिएको थियो ।

यसैबीच कोरोनाको प्रदेशको अवस्थाबारे जानकारी गराउँदै सामाजिक विकासमन्त्री जीवन घिमिरेले पछिल्लो समय कोरोना संक्रमणको दर वृद्धि भएको बताउँदै भने- संक्रमण बढेसँगै सचेतना आवश्यक भएको छ । लकडाउनले मात्र संक्रमण नियन्त्रण हुने नदेखिएकाले अब व्यक्ति आफैं सतर्क हुनुपर्छ । जिल्ला समन्वय समिति मोरङका प्रमुख नरेश पोखरेलले स्थानीय तहहरूले सार्वजनिक सेवा बन्द गर्दैमा संक्रमण नियन्त्रणमा नआउने बताए ।

निजी अस्पताल सञ्चालकहरूको संगठन (अफिन) का प्रदेश १ संयोजक डा. सुनीलचन्द्र अधिकारीले कोरोना संक्रमणबाट जोगिन व्यक्तिगत अनुशासन आवश्यक रहेकामा जोड दिँदै भने- होम आइसोलेसनमा बस्न सक्नेहरूलाई त्यस्तो सुविधा सरकारले दिनुपर्छ । जिल्ला प्रहरी कार्यालय मोरङका एसपी सन्तोष खड्काले अनुशासनमा बस्न नसके संक्रमण नियन्त्रणमा समस्या हुने बताए । कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रका संयोजक डा. डेनप्रसाद आचार्यले संक्रमण बढेसँगै सरकारले संक्रमितको उपचार गर्न नसक्ने बताए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो । इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो । आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो

भावपूर्ण श्रद्धाञ्जलि

हाम्रा प्रातः स्मरणीय पिता **श्री टुङ्गबहादुर बस्नेत**को परमधाम गमनको वार्षिक पुण्यतिथिमा उहाँको सायुज्य मुक्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

परिवारका आस्था, श्रद्धा र विश्वासका धरोहरका रुपमा रहनुभएका पुज्य पिताज्यूको निर्देशनमा संरक्षित हाम्रो परिवारमा पर्न आएको पितृवियोगको कष्टसाध्य समयमा साथ, सहयोग, सद्भाव र स्नेह प्रकट गर्नुहुने मान्यजन लगायत आफन्त, इष्टमित्र, बन्धुवान्धव, कुलकुटुम्ब एवम् भावनात्मक रुपले एकाकार सम्पूर्ण परिवारजन, शुभचिन्तकहरुप्रति आभार प्रकट गर्दछौं ।

परिवारका कुशल व्यवस्थापक र विश्वासका छहारी श्रद्धेय पिताज्यूको आत्माको चिरशान्तिको कामनाका साथ उहाँको वैकुण्ठ बास निश्चिन्त र निर्विघ्न रहोस् भन्दै भावपूर्ण, श्रद्धासुमन अर्पण गर्दछौं ।

छोरा-बुहारीहरु

गोपालकुमार बस्नेत -रमा । श्याम बस्नेत- लीलादेवी । जीतेन्द्र बस्नेत-सुलोचना

छोरी-ज्वाईंहरु
शान्ता- सुधिर शिवाकोटी
सुनीता (स्व.)- टेकबहादुर कार्की
पवित्रा- धर्म खड्का
अमृता- रमेश थापा
सरिता- डिल्लु खत्री(स्व.)

नाति-नातिनी बुहारीहरु
विशाल बस्नेत- डा. प्रभा
युवराज बस्नेत- पुष्पा
डा. अनिल बस्नेत- डा. रोमी
आनन्द बस्नेत-मनिषा
रोचक बस्नेत-मञ्जु

नातिनी/ज्वाईंहरु
अञ्चला-अनुप कार्की
बिमला-गणेश कार्की
प्रमिला- मदन(स्व.)
डा. सुनिला-ई. सुदीप श्रेष्ठ
रचना-प्रकाश भट्टराई

नाति-नातिनी बुहारीहरु
दीपक कार्की-सृजना
सजेश शिवाकोटी-लुना
प्रविन खड्का-प्रतिक्षा
युसाज केसी-जानुका
तथा सम्पूर्ण पनाति-पनातिनाहरु

स्व. टुङ्गबहादुर बस्नेत
जन्म
वि.सं.१९८०/०५/११
साँखेजुङ, इलाम
मरण
वि.सं. २०७६/०४/२४
बिर्तामोड, झापा

एवम् बस्नेत परिवार, बिर्तामोड-१, झापा

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९५९०२९५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

जथाभावी दोहन नगरौं

प्राकृतिक सम्पदाको अनुचित दोहनका कारण पृथ्वीको आयु छोटिँदै गएको भन्दै वातावरणविद्हरुले चिन्ता व्यक्त गरिरहेका छन् । सुख, समृद्धि र भौतिक विकासको उपभोग गर्ने नाममा प्रकृति प्रदत्त जल, जमिन, जंगलमाथिको अतिक्रमण, उद्योगधन्दाको स्थापना र सञ्चालनले पनि पृथ्वीको सन्तुलनमा बाधा पुऱ्याइरहेको छ । यसैगरी अहम् तृष्टिका लागि भएका ठूल्ठूला युद्धहरुमा प्रयोग हुने आधुनिक हातहतियार, जैविक अश्त्रहरु उत्पादन र प्रयोगले पनि प्राकृतिमाथि गम्भीर असर परिरहेको छ । यसैको परिणाम हो कि नेपालमा पनि प्रत्येक वर्ष कुनै न कुनै रुपको प्राकृतिक विपदा आउने गरेको छ ।

यो वर्ष मनसुनी वायु छिट्टै सक्रिय हुँदा ठूलो क्षति भइसकेको छ । पश्चिमी हिमाली र पहाडी जिल्लाहरुमा बाढी र पहिरोले धेरैको ज्यान लिइसकेको छ भने तराई आइपुग्दा तिनै नदीहरुमा जलसतह बढ्न गई कतै कटान, कतै डुवान र कतै बाढीले विस्थापन नै गरेको छ । हिमाल र पहाडका धेरै क्षेत्रहरु मानवबस्तीका लागि अनुपयुक्त भइसकेको सन्दर्भले पनि मानिसको अनियन्त्रित, अविवेकी र अवैज्ञानिक व्यवहारको संकेत गरेको छ । जथाभावी वन फँडानी, नदीनालाहरुको दोहन र बिना भौगर्भिक अध्ययन भौतिक विकासका कार्यक्रम सञ्चालन गरिँदा यस्ता विपदाहरु निम्तिने गरेको विज्ञहरुको भनाइ छ ।

पहाडबाट भिरालो बाटो हुँदै आएका नदीनालाहरुले तराईका समथल फाँटहरुमा वितण्डा मच्चाउने गर्छन् । त्यसमाथि नदीजन्य सामग्रीको उत्खनन्ले किनाराका बस्तीहरु सँधै जोखिममा रहनु परेको छ । ती नदीहरुबाट गिटी, ढुंगा, बालुवा निकाल्दा पर्न सक्ने वातावरणीय असरको वैज्ञानिक परीक्षण नगरिँदा प्रत्येक वर्ष खोला गहिरिँदै जाने, सिञ्चाई गर्न नसकिने र कटानमा परेर जनधनको क्षति हुनेतर्फ सम्बद्ध पक्ष गम्भीर हुन सकिरहेको छैन । यही मेसोमा अर्जुनधारा नगरपालिकाले भने भूगर्भविद्को अध्ययन, अनुसन्धानका आधारमा नदीजन्य सामग्री उत्खनन् गर्ने योजना बनाएको छ । यद्यपि यसअघि पनि वातावरणीय परीक्षण (आईई) का आधारमा उत्खनन् नीति बनाइएको थियो तथापि त्यसको प्रयोग इमान्दार ढंगले भएको थिएन ।

भूगर्भविद् यदुनाथ तिम्सिनाले अर्जुनधारा नगर क्षेत्र भएर बग्ने विरीङ, टाङटिङ नदी उत्खनन्को विधि र परिमाण अनुसार नगरिँदा भिरालोपन बढेको बताएका छन् । नगरपालिकाद्वारा आयोजित कार्यक्रममा बोल्दै भूगर्भविद् तिम्सिनाले यसले नदी गहिरिने, तटीय क्षेत्र परिवर्तन हुने भन्दै अनेक समस्या निम्तिनेतर्फ सचेत गराए । उनले अध्ययनको प्राप्तिलाई आधार मानेर चेक ड्याम बनाउन, बगेको सामग्री मात्र उत्खनन् गर्न सुझाव पनि दिए । यही समस्या छ देशभरका नदीनालाहरुको उत्खनन्मा । त्यसैले बाढी, पहिरो, कटान, डुवान जस्ता विपदाहरुको सामना गर्नु परिरहेको छ । यी सबैको सामना गर्न, वातावरणीय सन्तुलन जोगाइ राख्न र पृथ्वीको आयु कम हुन नदिन सबै सरोकारी संस्था र निकायले सावधानी अपनाउनु पर्छ ।

एकका लागि एक अभियान-एक चर्चा

उमेश भारती

एकका लागि एक अभियान एउटा प्रयास भए पनि समुदाय स्तरबाट गरिएको यो प्रयास समाजवादको लागि एउटा कोशेढुंगा अवश्य हुनेछ ।

सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीको परिकल्पना र नेतृत्वमा बैशाख १९ गते १ मे मजदुर दिवसकै तिथिमा झापाको चारपानेस्थित सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. को केन्द्रीय कार्यालय परिसरमा कोभिड-१९ का कारण भएको लकडाउनको बाबजुत सामाजिक दुरी कायम गर्दै सुरक्षा सजगता अपनाएर एक कार्यक्रमको आयोजना गरी एकका लागि एक अभियानको शुभारम्भ भएको हो ।

शुभारम्भ कार्यक्रममा प्रमुख अतिथि झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानासहित अन्य सुरक्षा निकायका प्रमुख, स्थानीय सरकार प्रमुख प्रतिनिधि, रेडक्रस, क्लव, गैरसरकारी संस्था, सहकारी, बैंक वित्तीय कम्पनी, उपभोक्ता समूह, सामुदायिक वन, निर्माण कम्पनी, विभिन्न पेशागत संघ-संगठन, संस्थानहरु लगायत अन्य विभिन्न १६ वटा संघ-संस्थाको प्रमुख तथा प्रतिनिधिहरुको गरिमामय उपस्थितिमा दैनिक ज्याला मजदुरी गर्ने, यातायात मजदुर, सुत्केरी, गिटी बालुवा चालेर जिविका चलाउने श्रमजीवी वर्ग, सुकुम्बासी, अति विपन्न किसान परिवारहरुलाई छाक टार्नका लागि दाल, चामल, साबुन, तेल, नुन लगायतका खाद्यान्य सामग्री समेत वितरण गरिएको थियो ।

विश्वव्यापी महाभारी कोरोना भाईरसले दुनियाँमा मानव सभ्यतालाई नै आक्रान्त पार्न थालेपछि हाम्रो मुलुक पनि चैत्र ११ गतेदेखि पूर्णरुपमा लकडाउनको अवस्थामा पुगेको थियो । समाचारहरु आइरहेका थिए करोडौं मानिसहरु संक्रमित, लाखौं मानिसहरुको मृत्यु छिन-छिनमा अंक थपिँदै थिए । नेपालमा समेत संक्रमितको संख्या दिनानुदिन बढ्न थालेपछि मानिसहरुलाई घरभित्रै बस्न बाध्य भई बाहिर हिँडडुलमा समेत रोक लगाइएको थियो । संक्रमण रोगथामका लागि स्थानीय क्वारेन्टिनमा मान्छेको संख्या थपिन थाले । जसका कारणले उद्योगधन्दा, कलकारखाना, यातायात, हवाई सेवा, विद्यालय, हस्पिटल, सिनेमा हल, चिया बगान, निर्माण व्यावसाय, ब्यापार, हाट बजार, सहकारी, बैंक वित्तीय सेवा, सरकारी अड्डा अदालत जस्ता प्रतिष्ठानहरु ठप्प भए ।

लाखौं श्रमिक मजदुरहरुलाई दैनिक चुल्हो बाल्ने कार्य समेत प्रभावित भयो । श्रमजीवी वर्गको रोजिरोटि गुमेकोले गर्दा अपाङ्ग, बालक, वृद्ध, रोगी, ग्रामीण भेगका सुकुम्बासी भूमिहिन, एकल महिला तथा वैदेशिक रोजगारबाट आएका, छिमेकी मुलुक भारतबाट फर्किएका चौकीदारी, दरबानी, खानीमा काम गर्ने घरेलु कामदारको अवस्था झनै नाजुक र भयाभह बन्यो । कोरोनाले भन्दा छिटो भोकको कारणले लैजाला जस्तो त्रास फैलेला कि भन्ने चिन्ताले महेन्द्रकुमार गिरीको मन चसक्क निमोठियो र सरकारलाई पनि सहयोग पुऱ्याउने र मानवीय सहयोग पनि गर्ने हृदयदेखिको गहिरो इच्छाले उनमा नवीन सोच पलायो । एक हुने परिवारले एक नहुने परिवारलाई सहयोग गऱ्यो भने झापामा कोही भोकै हुने छैन भन्ने धारणाका साथ तत्कालीन अभियानको थालनी भएको कुरा गिरी बताउनुहुन्छ ।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको कार्यकारी प्रमुख गिरी एक सफल सहकारीकर्मी र योजनाकार समेत हुनुहुन्छ । उहाँ दर्जनौं सामाजिक संघ-संस्थामा आवद्ध हुनुहुन्छ । गिरी कै अगुवाई र सोचमा विगत वर्षमा कन्काई कोटीहोम क्षेत्रमा करोडौं लगानीमा एक सुविधासम्पन्न समर्पण भवन निर्माण र सर्पदंश केन्द्र स्थापना र एकैदिन दशौं हजार मानिसहरुलाई माई नदी सरसफाई तथा तटबन्ध निर्माण अभियान श्रमदानमा एकै पटक सरिक गराएर इतिहास रच्नुभएका गिरी इमान्दार र जनप्रिय सफल सामाजिक अगुवा हुनुहुन्छ । उहाँले झापा जिल्ला मार्फत राष्ट्रलाई पुऱ्याएको सामाजिक कार्यको फेयरलिष्ट निकै लामो छ । त्यसमध्ये कै अर्को महत्वपूर्ण काम हो सडक दुर्घटना न्यूनीकरण महाअभियान । पाँच करोड रकम बराबरको १ नं. प्रदेश प्रहरीलाई ट्राफिक उपकरणहरु हस्तान्तरण गरी सहज यातायात र ट्राफिट सचेतना र सडक नियम पालनमा उल्लेख्य सहयोग पुऱ्याएको कुरा सुरक्षा निकायका अधिकारीहरुले बताएका छन् ।

सहारा नेपालका करिब सात सय कर्मचारीबाट संकलित १२ लाख रुपैयाँबाट शुरु गर्न लागेको यस जनप्रिय कार्यक्रममा आजका दिनसम्म आउँदा एक सय २० वटा संघ-संस्था र एक हजार दुई सय ५३ जना व्यक्तिहरु आवद्ध भइसकेको कुरा अभियान सचिवालय संयोजक गोपालप्रसाद भटराई बताउनुहुन्छ । झापाका विकास प्रेमी समुदायले मियोको रुपमा स्थापित गरेकै कारण विगत वर्षमा बिर्तामोडमा नागरिक समाजको तर्फबाट उत्कृष्ट नागरिकको रुपमा सम्मान अभिनन्दन गरी रथारोहण समेत गरिएको थियो । कम बोल्ने कामप्रति निरन्तर लगाव र निष्ठावान गिरीको भगिरथ प्रयास कै कारण अभियानमा स्वतःस्फर्त साथ र सहयोगी हातहरु थपिँदै जादा एकका लागि एक अभियान आज देशैभरी चर्चा र स्थानीय समुदायद्वारा गरिएको सहयोगमा यति धेरै जनसहभागिता र आर्थिक सहायता जुटेको कुरा दिनको घाम झैं छर्लङ छ ।

अभियानको शुरुवाती दिन मै झापा, इलाम, उदयपुर र मोरङका अति विपन्न गिटी-वालुवा चालेर खाने श्रमिक, विपन्न वर्गका एक हजार सात सय ३५ परिवारलाई प्रतिपरिवार २५ केजी चामल, दुई केजी दाल, दुई केजी नुन, एक लिटर खाने तेल, एउटा लुगा धुने साबुन, एउटा नुहाउने सावुनको राहत प्याकेज स्थानीय सरकारको उपस्थितिमा वितरण गरिएको थियो । त्यस्तै सडकमा अलपत्र परेका मानसिक सन्तुलन गुमाएका सडक बालबालिका, मजदुर, भाडामा बस्ने, विरामी पर्यटक, छिमेकी, देशबाट आएका बेसाहारा नागारिकहरुलाई लक्षित गरी कोटीहोमदेखि काँकरभिट्टा क्षेत्रमा मूख्य राजमार्गमा बिर्यानी बनाएर नौ हजार तीन सय २५ जनालाई खाना खुवाउने कार्य भएको थियो । इलामको क्वारेन्टाइममा पाँच सय केजी चामल, झापाका क्वारेन्टिनमा एक हजार एक सय केजी चामलसहित २७ सय जना क्वारेन्टिनमा बस्ने मानिसलाई जेठ ७ गतेदेखि २८ गतेसम्म खाना खुवाइएको र सो कार्यका लागि रु. ४७ लाख खर्च भएको विवरण सचिवालय सदस्य मातृका सुवेदी बताउनुहुन्छ ।

कोरोना नियन्त्रणमा सहयोग पुऱ्याउने हेतुले रु. छ लाख बराबरको स्वास्थ्य सामग्री तथा भि.टि.एम किट र आर.डि.टि किट स्थानीय प्रशासनलाई प्रदान गरिएको थियो ।

अभियानको दोस्रो चरणमा हाल पिसिआर ल्याव कन्काई-४ कोटीहोमस्थित समर्पण भवनमा सञ्चालन गर्ने उद्देश्य अनुरुप मेसिन जडान कार्य धमाधम भइरहेको छ । सो ल्याव सञ्चालन पछि प्रदेश सरकारलाई हस्तान्तरण गरिने छ । प्रदेश नं. १ का सामाजिक विकास मन्त्री माननीय जीवन घिमिरे उक्त स्थानको स्थलगत अनुगमन पनि गरी सक्नुभएको छ । स्थानीय प्रसाशन, विज्ञ प्राविधिक, राजनीतिक दल, संघ-संस्था, पत्रकार, मानवअधिकारकर्मी, नागरिक समाज र अन्य सरोकारवालाहरुको आम सहमति अनुसार नै युक्त सुविधासम्पन्न प्रयोगशाला उक्त स्थानमा निर्माण अगाडि बढाइएको हो । यस कार्यका लागि स्थानीय, प्रादेशिक तथा संघीय सरकारले समेत सम्दो सहयोग गर्ने बचनबद्धता दिएको संयोजक गिरी बताउनुहुन्छ ।

१ नं. प्रदेशमा हाल पि.सि.आर.ल्याव परीक्षण विराटनगर र धरानमा मात्र छ भने मेची अञ्चलमा एक वटा पनि छैन । समुदायमा कोभिड-१९ को परीक्षण दायरा फराकिलो गर्न नसकेकै कारण दिनानुदिन आम मानिसमा त्रास थपिएको छ । यो पि.सि.आर. ल्याव सञ्चालनमा आएपछि मुलुकै पहिलो जनस्तरबाट सञ्चालित ल्याव हुनेछ भने मेची अञ्चलको पहिलो । यस कार्यका लागि हाल एक कारोड २० लाख रुपैयाँ उठिसकेको छ भने उठ्नेक्रम पनि निरन्तर छ । ल्याव सञ्चालन पछि विशेषगरी मेची अञ्चलका मानिसहरुलाई प्रत्यक्ष फाइदा पुगी कोभिडको रोकथाम नियन्त्रण हुने कुरामा दुईमत छैन । यो प्रयोगशाला सर्वसाधारण समुदायको पहुँच र सहजतामा हुनेछ । आम सर्वसाधरणको स्वास्थ्य जीवनसँग सरोकार राख्ने यस अभियान र गिरीलाई प्रयोगशाला सफलताका लागि सबैले चासो र उत्सुकताका साथ हेरिरहेका छन् ।

हाल मुलुकमा लकडाउन समाप्त भएको सरकारद्वारा घोषणा गरिए पनि अझै पनि कोरोना भाइरसको त्रास र संयम् हटि नसकेको अवस्था छ । संक्रमित संख्या नयाँ-नयाँ देखा परिरहेका छन् । जुनसुकै कारणले विरामी परी निजी हस्पिटलहरुमा स्वास्थ्योपचार गराउन जाँदा कोरोनाको डरले विरामी नै नहेरी बाटोबाट नै फिर्ता गराएको घटना पनि सुन्नमा आएको छ भने संक्रमितहरुलाई उपचार गर्ने सरकारी हस्पिटलहरु पनि पर्याप्त नभएको अवस्थामा तेस्रो चरणमा झापामा कम्तीमा २५ बेडको आइसोलेसनसहितको जनस्तरकै पहलकदमीमा हस्पिटल खोल्ने सोच समेत रहेको कुरा संयोजक गिरी बताउनुहुन्छ । उक्त हस्पिटलाई सरुवा तथा संक्रमण रोग ट्रमा सेन्टर पनि राख्न सकिने उहाँको तर्क छ ।

एकको लागि एक अभियान के हो र यस्तो सोच कसरी जन्मियो भन्ने प्रश्नमा संयोजक गिरी भन्नुहुन्छ- हाम्रो नेपाली मन परम्परा संस्कृति सहयोगी रहेको र सोही संस्कारलाई मैले एउटा नारा दिएर सबै समुदायमा विकासको अपनत्वमा समावेश गरेको हुँ आफू बाँचौ अरुलाई बचाऔं भन्ने भावना हो । हरेक कालो बादलभित्र एउटा चाँदीको घेरा हुन्छ भने झैं समस्याभित्र पनि नयाँ उपायहरु हुने हुँदा बन्दाबन्दीको अवस्थामा पनि मानवीय सेवा, समाजसेवा, राष्ट्रसेवा गर्ने उत्कृष्ट अभिलाषाको परिणाम हो । चन्द्रमामा पाइँला टेक्ने पहिलो व्यक्ति निल आर्मष्ट्रङले पाइला टेक्ने बित्तिकै भनेका थिए 'त्यो मान्छेको एउटा सानो पाइला हो मानव जातिको लागि ठूलो फड्को हो ।' हो एकका लागि एक अभियान एउटा प्रयास भए पनि समुदाय स्तरबाट गरिएको यो प्रयास समाजवादको लागि एउटा कोशेढुंगा अवश्य हुनेछ ।'

आज खीर खाने दिन

'असार १५ दही-चिउरा खानु, साउनको १५ खीर' यो भनाइ नेपाली समाजमा लोकप्रिय रहेको छ । हरेक साल साउन १५ गतेका दिन खीर खाएर रमाइलो पर्वकै रुपमा मनाउने गरिन्छ ।

आज पनि साउन १५, घरघरमा खीर र मिष्ठान्न खाएर यो पर्व मनाइँदै छ । परम्परादेखि नै साउन १५ मा खिर खानुपर्छ भन्ने सामाजिक मान्यता नेपाली समाजमा छ । नेपाल कृषि प्रधान देश भएको र बहुसंख्यक नेपाली कृषि पेसामा आश्रित भएकाले कृषकहरूले धान रोपेर काम सकेपछि खुसीयाली स्वरूप खीर खाने परम्परा रहँदै आएको मानिन्छ ।

खीर दूधमा चामल हालेर तयार गरिने खाद्य परिकार हो । यसको नेपाली समाजमा विशेष महत्व छ । हिन्दू धर्मावलम्बीहरु मध्ये धेरैले साउनमा माछा-मासु नखाने भएकाले साउन महिनाभरि खीर खाने गरे पनि साउन १५ लाई विशेष खीर खाने दिन भनेर मनाउने गरिन्छ ।

साउन महिना शिवपुजन महिना भएकाले एक महिनासम्म माछा-मासु नखाएर शिवभक्तहरूले भगवान शिवको पूजा गरेर दूधमा बनेको परिकार खाने गर्छन् । साउन महिना झरी पर्ने महिना भएकाले विभिन्न रोगबाट छुटकारा पाउनका लागि पनि दूधबाट बनेको खीर खाने गरिन्छ । रोग प्रतिरोधात्मक क्षमता हुने भएकाले पनि खीर खानु स्वास्थ्यकर छ । झरीको समयमा विभिन्न संक्रामक रोग लाग्ने गर्छ ।

दूध-भात अर्थात् मिठो र पोषिलो खानेकुरा अनि यही हाम्रो सर्वप्रिय दूधभातसँग सख्खर अथवा गुँडको संयुक्त पाकपछि तयार हुने परिकार हो, खिर । सकेसम्म वासमती अथवा तराईतिर पाइने करियाकामत होस् वा टाइचुन अथवा अन्य मसिनो बास्नादार चामल त्यो नभए आफूसँग भएको चामलमा दूध हालेर किसमिस, काजु, नरीवल, छोहडा जस्ता विशेष मरमसला आदि हालेर खिर बनाइन्छ ।

नेपाली चलनचल्तिमा खिर विभिन्न उत्सव, चाडवाड, पूजाआजा, विवाह, व्रतबन्धमा महत्वका साथ पस्किने गरिन्छ । यो नेपाली परिवारको अपरिहार्य परिकारको रूपमा नेपालीहरूबीच लोकप्रिय सांस्कृतिक पकवानको रूपमा परिचित छ । साल या भोर्लाको ठूल्ठूला पातलाई बाँसका कप्टेराका मसिना काँटी (छेस्का)हरुले गाँसेर बनाइएको हरिया दूना टपरीमा हालेर खाँदा पातको बास्ना र खिरको स्वाद अनि त्योसँगै सेलरोटीको नामै मात्रले पनि हामीमध्ये धेरैको जिब्रो रसाएर आउँछ ।

मानव सभ्यतासँगै मानव र दूधको एउटा नमेटिने सम्बन्ध छ र यसबाट बन्ने कैंयन मिठा परिकारहरू विशेषतः शुद्धता, स्वास्थ्य र विशिष्ट स्वादका लागि विश्व समूदायमैं प्रिय बन्न सफल छ । यस्तै परिकारहरू मध्ये अन्न र दूधको अनुपम समिश्रण यस परिकारमा भोजन, पोषण नै यसको आकर्षण हो । सेतो दूध र सेतो चामल मिसाइएको यो भोजनको सम्बन्ध देवताहरुले प्राचिनकालमा गरेको समुद्र मन्थनसँग सम्बन्धित छ, त्यसबेलादेखि अहिलेसम्म दूधलाई शुद्धिकरण गर्ने तत्व र पोषण मिसिएको बहुगुणी अमृतकै रुपमा लिइन्छ । आर्युवेदमा समेत खिरलाई प्राचीन भोजनको रूपमा ब्याख्या गरिएको छ ।

खीर शब्द पनि संस्कृत शब्द 'क्षिरमा'बाट आएको मानिन्छ । क्षिरमा अर्थात् दूध र अन्नबाट बनेको परिकार भन्ने अर्थ लाग्दछ । रोमन सभ्यतामा पनि खिरलाई खानाको एउटा अपरिहार्य तत्वकारुपमा सेवन गरिने चलन छ । यसलाई 'पायस' तथा कतै-कतै यसलाई 'तस्मै' पनि भनिन्छ । वैदिक सनातन संस्कारमा पितृहरुलाई चढाउन पायस अर्थात् दूध र अन्नको मिश्रणका रुपमा खिर पकाउने चलन छ ।

भगवान श्री कृष्णले एकदिन साधारण साधूको भेष बदलिएर एउटा राजासँग बाघचाल खेल्न जानुभएको र जीतको बदलामा बिभिन्न मन्दिरहरुमा निःशुल्क गरीब दिनदुःखीहरुलाई खीर खुवाउने शर्त राख्नुभएको थियो । उक्त बाघचाल खेलमा भगवान श्री कृष्णले राजामाथि बिजय प्राप्त गरेको सम्झनामा अझैसम्म पनि मन्दिरहरुमा दिनदुःखीहरूलाई खिर प्रसादका रुपमा बाँड्ने चलन रहेको छ । दक्षिण भारत, बङ्गलादेश, मालदिभ्स, सियाम राज्य अर्थात् थाइल्याण्ड लगायतका देशमा काँचो नरिवलको दूधबाट खिर बनाउने गरिन्छ ।

हामी संस्कृती र संस्कारमा साँच्चिकै धनी छौं, खिर खानलाई कुनै कार्जे या उपलक्ष्य नै कुर्नपर्छ भन्ने पनि छैन्, श्रावणको १५ लाई खीर खाने विशेष दिनको रुपमा लिइन्छ अर्थात् श्रावणको मध्यविन्दु खीरको लागि प्रचलित छ ।

रोपाई सकिन आँट्यो भनेर या चलिरहेको रोपाईसँगै यो दिनलाई खीर कैंयन दशकदेखि स्वादिलो बनाउँदै आएको छ । श्रावण महिनामा पानी पर्ने भएकाले जतातै हरिया घाँसहरु प्रशस्त हुने गर्दछन् । जसलाई लैनो गाई तथा भैंसीहरुले अत्यन्त मन पराउने गर्दछन् जसका कारण प्रशस्त दूध पनि दिने गर्दछन् । दूधको कमी नहुने यो प्राकृतिक महिनामा खीर खाएर गति परिन्छ भन्ने धारणा छ । लगभग रोपाई सकिसकेको अवस्थामा छ यसपाली, बालीनाली सप्रियोस, मानो खाएर मुरी उब्जाउन सकियोस्, अषाढ र श्रावणको दुःख मंसीरमा सुख र आनन्दको रूपमा परिणत होस् अनि मुख्य कुरो खिर जस्तै सेतो स्वच्छ र मिठो विचार हामीमा बनिरहोस्, खीरसँगै शुभकामना !

नेरेसो केन्द्रीय सदस्यमा ढकाल

लोकराज ढकाल : केन्द्रीय सदस्य

बिर्तामोड, साउन १४। नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय सदस्यमा झापाका लोकराज ढकाल चयन भएका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रस्तावअनुसार सोमबार बसेको मन्त्रिपरिषद् बैठकले डा. नेत्रप्रसाद तिमल्सिनाको अध्यक्षतामा गठन गरेको नयाँ तर्दथ कार्यसमितिको सदस्यमा नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति समेत रहेका ढकाल चयन भएका हुन् ।

सरकारले आर्थिक अनियमितता र निर्धारित समयमा अधिवेशन नगरेको सञ्जीव थापा नेतृत्वको नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमिति भङ्ग गरी डा. नेत्रप्रसाद तिमल्सिनाको अध्यक्षतामा ३३ सदस्यीय नयाँ तदर्थ कार्यसमिति गठन गरेको हो । नयाँ तदर्थ कार्यसमितिको उपाध्यक्षहरूमा डा. विश्वकेशर मास्के, शर्मिला कार्की, महामन्त्रीमा पिताम्बर अर्याल, कोषाध्यक्षमा सीताराम कोइराला र उपकोषध्यक्षमा होमप्रसाद पाठक रहेका छन् । उपमहासचिव केन्द्रीय कार्यसमितिले तोक्ने गरी निर्णय भएको छ ।

त्यसैगरी समितिको सदस्यहरुमा श्रीकृष्ण दाहाल, अरुण खनाल, तीर्थराज घिमिरे, लेखबहादुर हमाल, छेपाल दोर्जे लामा तामाङ, इन्द्रबहादुर गुरुङ, प्रताप विष्ट, कुमार थापा र बाबुराजा महर्जन रहेका छन् । त्यस्तै, शम्भुप्रसाद पोखरेल, शिवकुमार थापा, अशोक श्रेष्ठ, बाबुराम भट्टराई, उद्धवराज भट्टराई, चन्द्रकला कार्की, प्रदीप घिमिरे, नागेन्द्रप्रसाद चौधरी, उमेश थापा, लोकराज ढकाल, खेमराज केसी, दीपेन्द्र ढकाल, श्यामप्रसाद डोटेल, सुवोधकुमार सिंह, जीवन राना, महेन्द्र श्रेष्ठ, लोकदर्शन श्रेष्ठ र मोहन पोखरेल रहेका छन् ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले अनुसन्धान र छानविन प्रतिवेदनका आधारमा नेपाल रेडक्रसमा भ्रष्टाचार देखिएपछि मन्त्रिपरिषद्मा कारवाहीको प्रस्ताव लागेका थिए । रेडक्रसमा भएको अध्ययन र छानविन समितिको प्रतिवेदनले आर्थिक अनियमितता गरेको भनी दोषी ठहर गरेपछि कारवाही स्वरुप पुरानो कार्यसमिति भङ्ग भएको हो । सरकारको स्वीकृति बिना अर्बौं वैदेशिक अनुदान लिएर खर्च गरी संस्था नवीकरण नगरेको हुनाले पुरानो कार्यसमिति विघटन गरी नयाँ तदर्थ कार्यसमिति गठन गरेको हो ।

हाम्रो नेपालको आठौं वार्षिकोत्सव

बिर्तामोड, साउन १४। झापाको बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाको आठौं वार्षिकोत्सव संस्थाको वार्षिक समिक्षा गरी मनाएको छ ।

संस्थाका अध्यक्ष भवानीप्रसाद दंगालको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सल्लाहकार संयोजक भगीरथ आले 'मामा', लेखा सुपरिवेक्षण समितिका संयोजक कृष्णराज कटुवाल लगायतले शुभकामना दिएका थिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष भवानीप्रसाद दंगालले संस्थाको गतिविधिबारे जानकारी गराएका थिए । उनका अनुसार २०६९ साल साउन १४ गते स्थापना भएको संस्थाको सेवाकेन्द्र १५ वटा, शेयर सदस्य १० हजार चार सय जना, शेयर पुँजी सात करोड ४७ लाख ९९ हजार पाँच सय रुपैयाँ, निक्षेप संकलन ४७ करोड ९० लाख ६९ हजार छ सय ४० रुपैयाँ, ऋण लगानी ६३ करोड २५ लाख ४६ हजार दुई सय ६४ रुपैयाँ रहेको छ ।

त्यस्तै संस्थाको आम्दानी नौ करोड ४९ लाख २८ हजार छ सय ३३ रुपैयाँ, खर्च आठ करोड ९३ लाख २७ हजार ३९ रुपैयाँ र संस्थाले ५६ लाख एक हजार पाँच सय ९३ रुपैयाँ खुद नाफा गरेको उनले जानकारी दिए ।

त्यसैगरी संस्थाको कूल कारोवार (वासलात) ९५ करोड ६३ लाख ३० हजार नौ सय ९५ रुपैयाँ रहेको उनले जानकारी दिए ।

संस्थाले लकडाउन अवधि २०७६ चैतदेखि २०७७ असार मसान्तसम्मको चार महिनाको अवधिमा दुई हजार तीन सय ३२ जना ऋणि सदस्यहरुको पाकेको ऋणको ब्याजमा १० प्रतिशत अर्थात् २९ लाख ३७ हजार नौ सय २८ रुपैयाँ व्याज मिनाह गरेको उनले बताए ।

त्यस्तै संस्थाले लकडाउन अवधि २०७६ चैतदेखि २०७७ असार मसान्तसम्मको चार महिनाको अवधिमा लिएको ऋणको १२ लाख १४ हजार रुपैयाँ हर्जाना जरीवाना मिनाह गरेको, ऋणी सदस्यहरुलाई ऋणको स्वेच्छिक किस्ता तिर्ने व्यवस्था शून्य प्रतिशत व्याजमा कर्जाको व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

कोरोना भाइरसको संक्रमणवाट बच्न तीन हजार शेयर सदस्य र संस्थाका कर्मचारी, सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी गरी एक सय ५० जनाको कोरोना बीमा गरिएको उनले बताए ।

लकडाउनको अवधिमा सदस्यहरुलाई स्वास्थ्य सचेतना सञ्चालन, बिर्तामोडका दुई सय १२ जना शेयर सदस्यलाई एक लाख ९० हजार रुपैयाँ बराबरको खाद्यान्न सामग्री वितरण, गरेको उनले बताए । त्यस्तै संस्थाले बिर्तामोड नगरपालिकाले स्थापना गरेको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा एक लाख एक हजार रुपैयाँ, अर्जुनधारा, कनकाई, भद्रपुर, मेचीनगर, शिवसताक्षी, गौरादह नगरपालिका, हल्दीवारी, बाह्रदशी गाउँपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोष र नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषमा जनही ५१ हजार रुपैयाँ गरी जम्मा छ लाख ११ हजार रुपैयाँ प्रदान गरेको उनले बताए ।

त्यसैगरी 'एकका लागि एक' अभियानको अगुवाईमा जनस्तरबाट झापाको सुरुङ्गा कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशालाका स्थापनाका लागी झापा जिल्ला सहकारी संघले घोषणा गरेको सहकारी अभियान मार्फत एक लाख एक हजार रुपैयाँ प्रदान गरेको उनले बताए । पछिल्लो समय संस्थामा सदस्यहरुको विश्वास बढ्दै गएकाले संस्थाले दमक र केरखामा थप सदस्य सेवाकेन्द्र सञ्चालन गरेको उनले बताए ।

विश्व कोरोना महामारीको संक्रमणकालीन अवस्थामा पनि संस्थाले हप्तामा छ दिन कार्यालय सञ्चालन गरी सदस्यलाई सेवा दिएको उनले बताए । सबैको सहयोगले संस्थाको वित्तीय अवस्था परिणाममुखी भएको बताउँदै उनले झापा कोप स्टाण्डर्ड लागू गरेको पहिलो संस्था हाम्रो नेपाल बचत तथा ऋण सहकारी भएको बताए ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष पृथ्वी ओली, सदस्यहरु राजेन्द्र गौतम, कविता वुढाथोकी, शसिता राई, तुलसीराम गौतम, ऋण उपसमितिको सदस्य लोकप्रसाद ओली लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन संस्थाका सचिव विश्वेश्वरप्रसाद लामिछानेले गरेका थिए ।

दुई प्रहरी इन्स्पेक्टर जिल्ला तानिए

भद्रपुर, साउन १४। भारतसँग जोडिएको खुल्ला सीमा नाकाबाट तस्करी गतिविधि मौलाएको भन्दै सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट झापामा कार्यरत दुई जना इन्स्पेक्टरलाई तानिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल १ नम्बर बराह बाहिनी मुख्यालय सुनसरीका डिआइजी वंशीराज दाहालको निर्देशनमा सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट केचनाका इन्स्पेक्टर लोकबहादुर तामाङ र बोर्डर आउट पोस्ट पृथ्वीनगरका इन्स्पेक्टर कमल थानीलाई त्यहाँबाट तानिएको हो ।

इन्स्पेक्टर तामाङलाई सशस्त्र प्रहरी बल नेपाल १ नम्बर बराह बाहिनी मुख्यालय सुनसरी पठाइएको छ, भने इन्स्पेक्टर थानीलाई सशस्त्र प्रहरी बल नेपाल २ नम्बर गण झापामा तानिएको सशस्त्र प्रहरी स्रोतले जनाएको छ । 'तस्करी गतिविधिमा संलग्न र सङ्गठनको विपरीत काम गरेको भन्दै दुवै इन्स्पेक्टरलाई डिआइजी दाहालको आदेशमा तानिएको हो' -प्रहरी स्रोतले भन्यो ।

दुवै इन्स्पेक्टरलाई तानेपछि केचनामा इन्स्पेक्टर सियाराम चौधरी र पृथ्वीनगरमा इन्स्पेक्टर चेतन बाराकोटीलाई जिम्मेवारी दिएर पठाइएको छ । भर्खरै सशस्त्र प्रहरी बल नेपाल १ नम्बर बराह बाहिनी मुख्यालय सुनसरीका डिआइजी भएर आएका दाहालले मङ्गलवार जिल्लाका गण तथा विओपीहरुको स्थलगत अनुगमन गरेको र अनुगमनको क्रममै उनीहरूलाई त्यहाँबाट तानिएको जनाइएको छ ।

झापाका सीमा नाकाबाट पछिल्लो समयमा तस्करी गतिविधि मौलाएको छ । दक्षिणी झापासहित पूर्वी नाका काँकरभिट्टाबाट अहिले पनि तस्करी भइरहेको छ । कोरोना त्रासको बावजुद सीमा नाकामा खटिएका स्थानीय प्रहरीको संलग्नतामा तस्करी भइरहेको स्थानीयको दावी छ ।

काँकरभिट्टा नाकामा तस्करी मौलाएसँगै जिल्ला प्रहरी कार्यालय झापा इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएका सादा पोशाकको प्रहरी टोलीले गत आइतबार राति मेचीनगर नगरपालिका-४ प्रसाद गौंडास्थित नेपाल भारतको दशगजा क्षेत्रबाट ४७ बोरा सुख्खा सुपारी बरामद गरेको थियो । भारत लैजान ठिक पारेको सो परिमाणको सुपारी विशेष सूचनाको आधारमा प्रहरीले बरामद गरेको हो । एक हजार चार सय सत्तरी केजी परिमाणको मूल्य करिब चार लाख ४१ हजारको सुपारी मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाइसकेको प्रहरीले जनाएको छ ।

राजश्व संकलनमा कमी

गौरीगञ्ज, साउन १४। इलाका प्रशासन कार्यालय गौरीगञ्जले आर्थिक वर्ष २०७६/०७७ मा ५६ लाख ३० हजार तीन सय ५० रुपैयाँ राजस्व संकलन गरेको छ । गत आर्थिक वर्षभन्दा १३ लाख ८२ हजार एक सय ५० रुपैयाँ कम राजश्व संकलन भएको हो ।

गत आर्थिक वर्ष २०७५/०७६ मा ७० लाख १२ हजार पाँच सय रुपैयाँ राजश्व संकलन भएको थियो । चैत ११ गतेबाट मुलुकमा कोरोना भाइरसका कारण लगाइएको लकडाउनले कम राजश्व संकलन भएको इलाका प्रशासन कार्यालय गौरीगञ्जका प्रमुख राजु दाहालले बताए ।

इलाका प्रशासन कार्यालय गौरीगञ्जले नयाँ नागरिकता, नागरिकता प्रतिलिपि, नाबालक परिचय पत्र, राहदानी द्रुत सेवा, कार्यालयबाट राहदानी सेवा, संस्था नविकरण शिर्षकबाट उक्त राजश्व संकलन भएको उनले बताए ।

कार्यालयबाट आर्थिक वर्ष २०७६/०७७ मा १२ सय ६७ जनाले नेपाली नागरिकताको प्रमाण पत्र लिएका थिए । जसमा छ सय ६१ जना महिला र छ सय छ जना पुरुषले नेपाली नागरिकताको प्रमाण पत्र लिएका थिए ।

नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि नौ सय ३९ जनाले लिएका थिए । यही आर्थिक वर्षमा २७ जनाले वैवाहिक अंगिकृत नेपाली नागरिकता, २७ जनाले नाबालक परिचय पत्र, २४ वटा संस्थाले नविकरण गरेको कार्यालयले जनाएको छ ।

त्यसैगरी राहदानी द्रुत सेवा दुई सय ७५ जना र कार्यालयबाट राहदानी सेवा एक हजार ५५ जनाले लिएको कार्यालय प्रमुख दाहालले बताए । कार्यालयले आर्थिक वर्ष २०७५/०७६ मा तीन हजार ६५ जनालाई नेपाली नागरिकता प्रमाण पत्र, ६८ जनालाई वैवाहिक अंगिकृत नागरिकता, एक हजार दुई सय ७४ जनालाई नागरिकता प्रतिलिपि ४५ जनालाई नाबालक परिचय पत्र दिएको थियो । त्यसैगरी तीन सय पाँच जनाले राहदानी द्रुतसेवा, एक हजार तीन सय १९ जनाले कार्यालयबाट राहदानी सेवा र २५ वटा संस्थाले नविकरण गरेको थियो ।

६५ जनाको आँखा जाँच, ९ जनाको शल्यक्रिया

बिर्तामोड, साउन १४। मेची आँखा अस्पतालको आयोजनामा दमकमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

मेची आँखा अस्पतालको शाखाको रुपमा रहेको पाथीभरा नेत्रालयसँगको समन्वयमा दमकको भाडवारीमा आयोजित शिविरमा ६५ जनाले आँखा जाँच गराएका थिए । सामाजिक उत्तरदायित्व अन्तरगत अस्पतालले शिविरको आयोजना गरेको र त्यस क्षेत्रका विपन्न समुदायका सर्वसाधारणले लाभ लिएको अस्पतालका प्रशासन प्रमुख सुरज रौनियारले जानकारी दिए ।

रौनियारका अनुसार आँखा जाँच गराएका मध्ये नौ जनामा मोतियाविन्दूको समस्या देखिएकाले उनीहरुको निःशुल्क शल्यक्रिया गरिएको बताइएको छ । उनीहरुको आँखाको शल्यक्रिया अस्पतालका मेडिकल डाइरेक्टर डाक्टर पुरुषोत्तम जोशी लगायतको टिमले गरेको अस्पतालले जनाएको छ ।

शिविर सञ्चालनको समन्वय पाथीभरा नेत्रालयका प्रमुख सन्तोष पौडेलले गरेका थिए । शिविरमा आँखा जाँच गराएर समस्या देखिएका विरामीलाई औषधि समेत निःशुल्क वितरण गरिएको पौडेलले जानकारी दिए । अस्पतालले यसअघि पनि झापासहित पूर्वका विभिन्न स्थानमा निःशुल्क आँखा जाँच गर्दै आएको बताइएको छ ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

चट् फोट झट् सेवा



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०४९३०७४०, ९८१७९२९३९४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४

टाटा सुमो गाडी भाडामा चाहिएमा

बिताभोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो.९८१५९५२४९९
९८४१३२१४६४

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पुर्ण काम गरिन्छ

लेमिनेशन लिजिटिङ कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस

७ वार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस वितामोडमा
अतिथिसुदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

१००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसीयन होटल टेनिङ्गको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो । (तालिममा इण्डियन कुक, चाइनीज, कन्टीनेन्टल, इटालीयन र वेटर)

हाम्रा विशेषता :
१) काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने ।
२) तालिमलाई चाहिने सम्पुर्ण सामान काठमाडौंबाट ल्याउने ।
३) तालिमपछि आफ्नो कम्पनीबाट विदेश पठाइने ।
४) दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने ।
५) तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङ्गमा पठाइने ।
नोटः तालिम धमाधम सञ्चालन भइरहेको छ सीट सिमित छ ।

Asian Hotel Training Center
पश्चिम बस स्टेण्डबाट १०० मिटर दक्षिण होटल टाइमलेस अगाडि
बिर्तामोडः ९८१२३५१२७१, ९८०६०४७८०१, ९८१२३५१२२६, इटहरीः ९८१२३५१२७१, ९८१२३५१२७२

सामाजिक सुरक्षा परिचय-पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सामाजिक सुरक्षा नियमावली, २०७६को नियम ९मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ साउन मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सूचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुबा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिनसक्नेछ ।

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/ वडासचिवले संकलन गर्नुपर्ने कागजातहरु

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हक जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।
- एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्र ।
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस-पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

बिर्तामोड नगरपालिका

अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

सँधियार नाममा जारी गरिएको सात दिने सूचना

मितिः २०७७/०४/१२

अर्जुनधारा नगरपालिका वडा नं. ११ का सुमित्रा तामाङ कि.नं. ५५७८ को ज.वि. ०-०-७.५ क्षेत्रफल जग्गामा निर्माण भएको आर सीसी को को स्थलगत सजमीन गर्न जाँदा तपाई निम्नानुसारको सँधीयार अनुपस्थित भएकोले निवेदनको घरले सँधियार, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन्छ हुँदैन हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा निम्नानुसार काम, कारवाही हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

दिशा	सँधियारको नाम, थर	सर्जमिन	नक्सा दर्ता	कैफियत
पूर्व	श्री नारायण अर्याल	२०७७।०४।१२	२०७७।०३।२८	
पश्चिम	श्री विद्या तामाङ			
उत्तर	श्री बाटो			
दक्षिण	श्री तारादेवी बाँस्तोला			

बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - व्यवहारमा कुशलता थपिदिने ग्रह गोचरीय प्रभाव देखिएको हुँदा प्रायः तपाईले थालेका काममा सफलता र सन्तुष्टि मिल्न सक्ला ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - समय राम्रो छैन । आर्थिक तथा निकटम् व्यक्तिबाटै धोका पाउन सकिएला । संयम् रहनुपर्ला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - व्यापार व्यवसाय वा दैनिक क्रियाकलापहरु राम्ररी सञ्चालन होलान । विपरीत लिङ्गी मित्रबाट सहयोग र स्नेह मिल्ला । प्रेममा सफलता मिल्ला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - आजको समय तपाईको हितमा देखिएको छ । मनमा हर्ष र शरीरमा स्फूर्ति छाउला । महत्वपूर्ण कामकाज समयमानै पूरा गरिएला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - नवम् स्थानमा आजका चन्द्रमा परेका हुँदा सामाजिक परोपकार जस्ता कार्यमा तपाईको ध्यानाकर्षण होला । शुभ कार्य सम्पन्न हुन सक्ला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - व्यापार व्यवसायमा बाधा अड्चन आईपर्न सक्ला । आजको दिनमा आलस्य र लापरवाहीले तपाईलाई झन ठूलो हानी गराउने हुँदा विचार पुर्याउनु होला ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - काम गर्ने जोश, जागर र हिम्मत बढ्ला । मित्रजनसँग रमाईलो भेटघाट र वार्तालाप होला । लाभ र उन्नति गराउने योग देखापरेको छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - आर्थिक कामकारोवारमा तपाईले सोचे अनुरुप सफलत मिल्न सक्ला । समाचारको प्राप्तीले मन प्रसन्न रहला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - मनले चिताएका कामकुराहरु आज तपाईले पूर्ण गर्न सक्नु हुनेछ । आफन्तले पनि सक्दो मात्रामा सहयोग देलान् । मिष्ठान्न भोजन मिल्न सक्ला ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - आर्थिक लेनदेनको व्यवहारमा हानी-नोक्सानी गराउने ग्रहदशा देखापरेको छ । आय-आर्जनको श्रोत बन्द हुन सक्ने योग भएकाले ख्याल राख्नु पर्ला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - ग्रहको प्रभाव शुभ हुनाले हुनाले तपाईका काम कार्य धमाधम अगाडि बढ्ला । सोचे अनुरुप सफलता हात पर्ला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - दोस्रो चन्द्रमाको प्रभाव देखापरेको हुँदा काम काज क्षेत्रमा सबैलाई प्रभावित पार्ने योग छ ।